## आदरणीय नगर सभा सदस्य ज्यू हरु

कमला नगर सभाको दोश्रो नगर सभालाई सम्बोधन गर्न पांउदा हर्षित छु । नगरको विकास, शान्ती तथा अमन चयनका लागि नगरपालिकालाई सहयोग गर्नु हुने सवै नगरबासीहरुलाई धन्यवाद प्रकट गर्न चाहन्छु ।

जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा आफनो प्राण आहुती दिनु भई सहादत प्राप्त गर्नु हुने सम्पुर्ण ज्ञात, अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु ।

स्थानीय तहमा हामीहरुले जनताको अभिमत प्राप्त गरि कार्यभार जिम्मेवारी प्रात गरेको दोश्रो बर्ष पुरा भई तेश्रो बर्षको पदार्पण भइ सकेको छ । यस बीच केही अन्यौलता, प्रशासनीक अपठ्यारा लगायत अन्य विभिन्न समस्याहरु झेल्दै जनअपेक्षा, चाहानाहरु थोरै मात्र भएपनि पुरा गर्न सकेकाछौ । अझ धेरै नगरबासीका आकांक्षाहरु पुरा गर्नु पर्नेछ । समयावधी थोरै छ, गर्नु पर्ने कार्य धेरै छन । अब आउने दिनमा ब्रेक थ्रु (Break through) को रुपमा अहोरात्रीरुपमा हामी सवै हातेमालो गरि कार्यहरु गर्नु पर्ने देख्दछु । हामी विभिन्न राजनैतिक दलको प्रतिनिधित्व गर्दै विभिन्न पदमा जनताको अभिमत प्राप्त गरि निर्वाचित भएर आएका छौ । जन चाहना हामी प्रति असिमित छ । नगरको विकास, जन आकांक्षा पुरा गर्ने क्रममा स्रोत साधनको अप्रयाप्तता, कानूनी बाधा अपठ्याराका कारण हामी बीचपनि साना तिना क्षणिक भरका तनाव भएका हुन सक्दछ, ती सवै कुरालाई आपसी तालमेल गरि हामी हाम्रो यस नगरको विकासका पक्षमा सिमित स्रोत साधन र मौजुदा मानव संसाधनको अधिकत्तम प्रयोग गरि एक जुट रही उदाहरणको रुपमा कार्य गरेको हुदा म नेतृत्वको हैसियतले सवै दलित महिला सदस्य ज्यू, महिला सदस्य ज्यू, सदस्य ज्यू, नगरकार्यपालिका सदस्य ज्यू, वडा अध्यक्ष ज्यू लगायत उप प्रमख ज्यू र कर्मचारी साथीहरुमा नगर प्रमुखको हैसियतले हृदयदेखि धन्यवाद अर्पण गर्न चाहान्छु ।

## नगरपालिकाको मौजुदा अवस्था

हाम्रा पूर्वजहरुले समयानुकुल विकास र नगरको गरिमा राख्ने सफल भएको इतिहास साक्षी छ । कमलादेशकै सफल नगरपालिकाको रुपमा खडा भएको कुरा सर्व वितिदैछ । समयले कोल्टे फेर्दै जादा र राजनैतिक अन्यौलताले जनप्रतिनिधीहरुको रिक्तका कारण विकासले गति लिन नसकेको यर्थाथ पनि हामी बीच लुकेकोछैन । संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापना पछिको पहिलो यस नगर सरकारले केही अन्यौलताका बाबजुदपनि यस नगरको विकासमा केही खुडकिला राख्न सफल भएका छौ । यस नगरपालिकाको पहल, लगानी तथा प्राविधिक सहयोगमा केही उदाहरणीय कार्यहरु यस सम्मानीत सभा समक्ष पेश गर्न चाहान्छु :

- १,४,५ वडा कार्यालय भवन मर्मत, सम्भार तथा फर्निसिंग, सडकहरु चौडाई र स्तरोन्नती (माटो, ग्राभेल, पिसीसी, ) लगायतका कार्यहरु सम्पन्न भएको,

- कार्यालय भवन र कार्यालय परिसर मर्मत तथा फर्निसिंग लगायतका कार्यहरु सम्पन्न भएको,
- वडा ५,६ र ७ मा बिजुली बाल्ने काम सम्पन्न भएको
- नगरको पाश्वचित्र आदिहरु तयारीको अन्तिम अवस्थामा  छ ।
- बिजुलीयाको पाखैर देखी लगमा सम्म, लगमा देखी लीलावती थान सम्म र लीलावत्ती थान देखी हथमुण्डा पिचसम्म सडक स्तोरोउन्न्ती
- यसै गरी क्षमता विकास तालिमहरु, बालबालिकाकालागि बाल क्लव गठन, रोजगार कार्यक्रम आदि ।

**हामी उल्लेखित कार्यहरु गर्न सफल भएका गौरवान्वीत महशुस गर्दछौ । यद्यपी** यहाँका वासिन्दाको आर्थिक, सामाजिक अवस्था हेर्ने हो भने तुलनात्मक हिसाबले निकै कमजोर रहेको पाईन्छ । अझै पनि न्यूनत्तम सेवा सुविधाहरुबाट पहुँचबाट टाढा छ । शक्तिका रुपमा रहेका युवाहरू रोजगारको खोजीमा खाडी मुलुकमा छन् । खेतियोग्य जमिनहरुलाई आधुनिकीकरण र समय सापेक्ष बनाउन सकेका छैनौ । रोजगारमूलक कार्यहरु तर्फ ध्यान तथा स्रोतहरु केन्द्रित गर्नु पर्नेछ । त्यसैगरी अव्यवस्थित बसोबासको कारण आधारभूत सेवा प्रवाहमा कठिनाई त छदैंछ ।  सार्वजनिक जग्गाहरू, बाटोघाटोहरु अतिक्रमणहरुलाई हटाउन प्रयासहरु गर्दा धेरै चुनौतीहरुको सामना गर्नु परेकोछ । विभिन्न पक्षले पछाडि पारिएका वर्ग र समुदाय लोकतन्त्रको प्रतिफल लिन सकेको छैन । यि सवै तथ्यहरुलाई ह्दयंगम गरी यस आर्थिक बर्षमा हामीले प्राप्त सिमित स्रोत साधनको परिचालन र प्राप्त अवसरहरुको प्रयोग गरि देहाय बमोजिम उद्देश्य र नीति लिईएका छौं ।

**सभा सदस्य ज्यू हरु**

**चालू वर्षको उद्देश्य र नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु :**

चालू वर्षको नीति तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधान, २०७२ मा भएका व्यवस्थाहरू, तथा संविधानको अनुसूची–८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यबस्था, पन्धह्रो राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरू, स्थानीय सरकार संचालन ऐन २०७४ अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय-समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरू, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, वडा भेला, नगरकार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिबाट प्राप्त सुझावहरू, राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरूका आधारमा सम्भव भएसम्म जनचाहनालाई समेट्ने अभिप्राय लिई यो नीति प्रस्तुत गरिएको हो ।

विभिन्न चुनौतीलाई अवसरमा बदल्न चालू वर्षको नीति तथा कार्यक्रमको निम्न उद्देश्यहरू रहेका छन्:

- नगरवासीहरूको आर्थिक सामाजिक अवस्थामा सुधार गर्ने ।
- भौतिक पूर्वाधारको विकास गर्नुका साथै मानवीय संसाधनको परिचालन र विकास गर्ने ।
- लक्षित वर्गको सशक्तिकरण एवं पहुंचमा अभिबृद्धि गर्ने
- सेवा प्रवाह गुणस्तरीयता र पारदर्शिता कायम गर्ने ।

**यी उद्देश्य पूरा गर्न आगामी आर्थिक वर्षका प्राथमिकताहरू**

- पूर्वाधार निर्माण र स्तरोन्नति ।
- कृषिको आधुनिकीकरण  र व्यवशायीकरण ।
- फोहरमैला व्यबस्थापन र वातावरण संरक्षण ।
- रोजगारीको अवसरहरु श्रृजना ।
- संस्थागत क्षमतामा अभिवृद्धि ।
- विद्युतिय सेवा प्रवाह मार्फत सार्वजनिक सेवाको प्रभावकारिता अभिबृद्धि गर्ने ।
- सुशासनमा जोड दिने ।

**सभासदस्य महोदयहरु**

अब म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको चालू आर्थिक वर्षको नीति प्रस्तुत गर्दछु :

<u>पुर्वाधार र संरचना विकास नीति</u> :

- कमला नगरपालिकालाई  शहरको रुपमा विकशित गर्न CITY   अवधारणालाइ अंगिकार गरि पञ्च बर्षे आवधिक योजना तयार गरी सोही बमोजिम बार्षिक योजनाहरु तर्जुमा गरिनेछ।
- कमला नगरपालिकाको नगरबासीहरुका लागि नगर केन्द्र र वडा केन्द्रहरुमा सहज पहुंचका लागि र शहरी पूर्वाधार विकासका लागि चक्रपथ (रिग रोड) निर्माण गर्न विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ ।
- स्थानीय तहको पूनरसंरचना पश्चात बृहत कमलाको प्रत्येक वडाका सडक नाला पूर्वाधारको निर्माण विकासकालाई प्राथमिकता दिईनेछ ।
- *नगरस्तरीय सडक यातायात गुरुयोजना* तयार गरी सोही बमोजिम सडकहरुको वर्गिकरण गरी सोही अनुसार सडक विस्तार तथा स्तरोन्न्ती गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- पार्क सहित बहुउद्देश्य व्यापारिक केन्द्र भवन तथा अतिथी गृह भवन निर्माणकालागि यसै बर्ष बृस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गरिनेछ ।
- नगरको भू-उपयोग सम्बन्धी अध्ययन गराई सोको आधारमा पूर्वाधार विकासका कार्यक्रमहरु अगाडी वढाउन प्रदेश सरकार तथा संघीय सरकारसंग पहल गरिनेछ ।

- सडक निर्माण गर्दा वातावरण मैत्री वनाउन सडकको दायाँ वायाँ वृक्षारोवन कार्यलाई प्रोत्साहन गरिने छ । नगरपालिकालाई वातावरण मैत्री शासन कार्यक्रम लागु गर्न प्रेरित गरिनेछ । रोपिएका बृक्षहरुलाई सुधार तथा संरक्षण गरिनेछ ।
- समग्र कमला नगरपालिकाको विकासको लागि शहरी नक्सा तयार गर्न शहरी विकास तथा भवन निर्माण विभागसँग आवश्यक सहकार्य गरिनेछ ।
- कमलानगर क्षेत्रमा नयाँ निर्माण हुने भवनहरूको हकमा नेपाल सरकारबाट स्वीकृत बस्ती *विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२* अनुसार नक्शा पास गर्ने तथा उक्त मापदण्ड लागु हुनुभन्दा अघि निर्माण सम्पन्न भएका *(सार्वजनिक जग्गा तथा सडकको क्षेत्राधिकार अतिक्रमण नगरेका)* भवनहरूको हकमा अभिलेख प्रयोजनका निमित्त नेपाल सरकार तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी परिपत्र तथा कमला नगरपालिकाको ***भवन निर्माण प्रमाणीकरण कार्यविधी २०७६ तयार गरी सोही*** अनुसार हुने गरी तोकिएको दस्तुर लिई घर नक्शा पास गरिने नीतिलाई निरन्तरता दिइने छ ।
- नवीकरणीय उर्जालाई प्रबर्द्धन गर्नका लागि नयाँ निर्माण हुने आवासीय भवनहरूमा नवीकरणीय उर्जा जडान गरेमा घर सम्पन्न प्रमाण पत्र जारी गर्दाको बखत नक्शा पास दस्तुर वापत लिइएको राजस्व रकममा १० प्रतिशत रकम छुट दिइने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रका सडकहरूको सडक मापदण्ड बमोजिम सिमाङ्कन गरी सङ्केत चिन्हहरू राख्ने कार्यको थालनी गरिने छ ।
- नगर क्षेत्र भित्र भएका सम्पुर्ण सडकहरुको सडक पाश्वचित्र (road profile) तयार गरिनेछ ।

  सामाजिक विकास

- शिक्षा तर्फः
- <u>प्रारम्भिक बालबिकास अरु भन्दा खासः</u> ३ बर्ष पुरा गरि चौथो बर्षमा लागेका हाम्रा कलिला बालबालिकाको प्रारम्भिक बालबिकासको शिक्षा बिशुद्ध खेलको माध्यमबाट संचालन गर्न पर्याप्त खेल सामाग्री र एक बा०बि०केन्द्र २ जना शिक्षकको प्रवबन्धका लागि शिक्षक मिलानको कार्य गरि ब्यवहारिक एवम् जीवनोपयोगी शिक्षाको लागि नजिकको भौगोलिक, ऐतिहासि र धार्मिक लयागतका स्थलहरुको अनिवार्य भ्रमण साथै एक वाडा एक नमुना बा०वि०केन्द्रको विकास गरिनेछ।
- <u>विद्यालय शिक्षा; पहुँच, व्यवस्थापन र गुणस्तरको अपेक्षाः</u> प्रारम्भिक बालबिकासको अनुभव लिएर कक्षा १ मा भर्ना भएका देखि कक्षा १२ सम्म अध्ययनरत छात्रछात्राहरुको सर्वाङिगण विकासका लागि तुलनात्मकरुपमा उत्तम वातावातरण र शैक्षिक समिकरण

सृजना गरि विद्यालयमा झिकाउने, सिकाउने, टिकाउने र अन्तमा रोजगारीको बजारमा बिकाउने सम्मका कार्य गर्न काजका खटिनु भएका शिक्षकहरुलाई फिर्ता बोलाइ सबै जना संग कार्यसंपादन करार गरि उच्च शैक्षिक उपलब्धीलाई बृती विकास संग जोडने कार्यको शुरुवात गरिनेछ ।

- <u>**स्वस्थ शरिरमा स्वस्थ दिमागः**</u> पोषण र शिक्षा एक अर्काका परिपूरक भएकाले नेपाल सरकारद्वार दिवा खाजको शिर्षकमा प्रवाहित रकमलाई निर्देशिका अनुसार बैज्ञानिक व्यवस्थापन गरि सामुदायिक विद्यालयमा विद्यार्थी झिकाउने रणनीतिका रुपमा प्रयोग गर्न नियमित अनुगमन र पृष्टपोषण प्रदान गरिनेछ ।
- <u>**सूचना र प्रबिधिको उपयोग, आधुनिक शिक्षाको संयोगः**</u> एकाइशौं शताब्दीमा सूचना र प्रविधि प्रयोग गरि शिक्षा प्रावाह गर्न अनिवार्य भएको छ । प्रत्येक माध्यमिक विदयालयहरुमा डिजिटल हाजिरीको प्रयोगबाट डिजिटल डेस्टिनेशनको यात्रा शुरुवात गरि माध्यमिक विद्यालयहरुको कम्तिमा चारवटा मूख्य बिषयका शिक्षकहरुलाई डिजिटली क्वालीफाइड बनाई अवको शिक्षा मल्टिमिडियाद्वारा भने नारालाई व्यवहारमा उतारिनेछ ।
- <u>एक विद्यालय; एक पुस्तकालायः</u> प्रत्येक विद्यालयमा एक एक वटा इलेक्ट्रोनिक र हार्डकपी यूक्त पुस्तकालयको प्रबन्धका साथै पठन संसकारको विकास गरि शैक्षिक गुणस्तर बढाउने काममा टेवा पु¥याउने काम गरिनेछ ।
- <u>**एक विद्यालय; एक बगैंचाः**</u> नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले प्रदान गरेको विद्यालय बगैचा व्यवस्थापन गर्ने कार्यमा तदारुकता प्रदान गरि स्वच्छ, सफा, हराभरा विद्यालयलाई हाम्रो परिचयसंग जोड्ने र यस क्षेत्रमा उत्तम ठहरिने विद्यालयलाई पुरस्कृत गरि प्रोत्साहित गरिनेछ ।
- <u>**SEE परीक्षा; उच्च सफलताको अपेक्षाः**</u> कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उन्नयन हेतु प्रत्येक मा०वि०हरुमा थप कोचिङ कक्षा संचालन गरि कक्षा तीन, पाँच र आठमा नगरसतरीय परीक्षा संचालन गरि कक्षागत ल्याकतको परिक्षणबाट पृष्टपोषण प्राप्त गरि शैक्षिक उन्नयनको लागि पंचबर्षीय शैक्षिक योजना निर्माण गरिनेछ ।
- <u>**शिक्षा सबैको नैसर्गिक अधिकारः**</u> अनौपचारिक शिक्षाको माध्यमद्वारा नेपाल सरकारद्वारा तोकिएको अनौपचारिक शिक्षाको निर्देशिका अनुसारको कक्षा संचालनबाट पूर्ण नगर साक्षर अभियानलाई तदारुकताका साथ लागु गरिनेछ ।
- <u>**कमलाको शैक्षिक सपना;**</u> नमुना शिक्षालयको स्थापना, सामुदायिक विद्यालयको विद्यमान शैक्षिक र भौतिक साथै विद्यार्थी र शिक्षकको संख्याको आधारमा साथै आवश्यक्तालाई मध्यनजर गरि विद्यालय गाभ्ने साथै संस्थागत विद्यालयहरुलाई समेत लागु हुने गरी कार्यविधी वा निर्देशिका तयार गरी सोही अनुसार नियमन र व्यवस्थापन गरि शैक्षिक

चुस्ततालाई बढावा दिने वातावरण कायम गरि कम्तिमा पनि एक एक वटा तहगत विद्यालयलाई नमुना घोषणा गरिने कार्य गरिनेछ ।

- **<u>खेलकुदको माध्यमबाट भातृत्वप्रेमको प्रवर्द्धनः</u>** खेलकुदले शारिरीक र मानसिकरुपमा तन्दुरुस्त बनाउनुका साथै भातृत्व प्रेम विकास गरि सामाजिक सदभाव बृद्धी गर्ने भएकाले तहगत हिसावले संपूर्ण बालबालिकाहरुलाई समेटने गरि उपयूक्त खेलकुदको प्रबन्ध गरि नगरस्तरीय मेयर कपको आयोजना गरिनेछ ।
- **<u>बिषयगत शैक्षिक गोष्ठि दैनिक समस्या समाधान र संतुष्टीः</u>** बिषयगत समस्या सामाधान तथा बिषयगत अनुसंधानबाट शैक्षिक विकासकालागी त्रैमासीकरुपमा बिषयगत शिक्षकहरुको अन्तरकृयात्मक बैठक गरि शैक्षिक उन्ययनमा टेवा पुऱ्याउने काम गरिनेछ ।
- **<u>प्राविधिक तथा व्यवसायीक शिक्षा आजको आवश्यक्ताः</u>** प्रत्येक पालिकामा कम्तिमा एक प्राबिधिक शिक्षा हुनु पर्ने नेपाल सरकारको नीति अनुरुप यस पालिका भित्र स्थापित एक प्राविधिक विद्यालयलाई समय सापेक्ष बनाइ गुणस्तरीय शिक्षाको प्रत्याभूती गरि थप प्राविधिक विद्यालयका लागी पहल गरिनेछ ।
- **<u>क्षमता अभिबृद्धी एवम् प्रोत्साहनः</u>** विद्यालय भित्र रहने वि०व्य०स० शि० अ० संघ बालक्लव जुरेस लगायतका समितिका सदस्यहरुको क्षमता अभिबृद्धी गरि विद्यालय विकासमा उनिहरुको अहम भूमिका ठम्याइ जिम्मेबार बनाउने र तत अनुसारको प्रोत्साहनको प्रबन्ध गरिनेछ ।

<u>स्वास्थ्य</u>

- स्थानीय तहमा वित्तीय हस्तान्तरण भई आएका स्वास्थ्य संग सम्बन्धित कार्यक्रमहरुलाई नगर कार्यपालिकाको वार्षिक कार्यक्रममा समावेश गरि सञ्चालनमा ल्याईनेछ ।
- मातृ तथा शिशु मुत्युदरलाई न्यूनीकरणका लागि पोषणका साथै स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई विशेष जोड दिने छ ।
- गुणस्तर सेवा प्रदान गर्न प्रत्येक स्वास्थ्य संस्थामा औषधी, औजार र उपकरणको व्यवस्थाको लागि उचित बजेट छुटयाईनेछ ।
- नगरपालिका भित्रका स्वास्थ्य केन्द्रहरुको भौतिक पूर्वाधार सुधार गरी स्वास्थ्य सुविधालाई सहज र पँहुच योग्य बनाउन वडा स्तरीय शहरी स्वास्थ्य केन्द्रहरु क्रमिकरुपमा विस्तार गर्ने नीति लिईनेछ र यस आ.व.मा कम्तीमा दुई वटा बर्थिङ्ग सेन्टर निर्माण गरिनेछ ।

- यस नगरपालिका क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वंम सेविकाहरुको क्षमता विकाशका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ र महिला स्वास्थ्य स्वंम सेविकाहरुको कामको कदर गर्दै प्रति जना रु.१००० का दरले मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत प्रत्येक स्वास्थ्य संस्थामा Online Reporting गर्न आवश्यक संख्यामा Computer को व्यवस्था गरिनेछ ।
- आमा समूहको बैठकलाई सुदृढिकरण गर्न खाजा खर्चको व्यवस्था गरिनेछ ।

- ९ वडा समुदायको अगुवाईमा उत्प्रेरणा, ज्ञान, शिप पूर्ण सरसफाई गरिनेछ ।
- खानेपानी सुद्धिकरणका लागि आईरन तथा आर्सेनिक परिक्षण गरिनेछ ।

सामाजिक समावेशी तथा जनसंख्या तर्फ :

सामाजिक नीति :

- मधेश आन्दोलन जनआन्दोलन जनयुद्धको शहिद परिवारलाई र भिन्न क्षमता (पूर्ण अपांग) हरुलाई यस नगरपालिकाबाट गरिने (कर बाहेक) सबै सेवाहरु नि:शुल्क प्रदान गरिने छ ।
- पिछडिएको वर्ग, महिला, दलित, मधेशी, जनजाती, आदिवासीहरुका लागि स्वरोजगार मूलक कार्यक्रम संचालन गरी आत्मनिर्भर वनाईनेछ ।
- महिला सहकारी संस्था मार्फत वचत संकलन एवं परिचालन र उद्यमशिलताको विकास गर्ने नीति लिईनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत लाभग्राहीको लागत अद्यावधिक गरि सार्वजनिक गराईने छ र .यसैबर्ष सम्पूर्ण लाभग्राहीहरुको सूची अन लाइनमा प्रविष्ट गरिने छ ।
- लक्षित समूह कार्यक्रमअन्तर्गत महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित तथा सीप विकास कार्यक्रम, गृहिणी महिलाको लागि वातावरणमैत्री सचेतना कार्यक्रमजस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- घरेलु हिंसापीडितलाई सहयोग गर्न घरेलु हिंसा पीडित सहायता कोष स्थापना गरिनेछ । सो कोषको सञ्चालनका लागि निर्देशिकाको निर्माण गरिने छ
- जेयष्ठ नागरिक संघसँग आवश्यक सहकार्य गरिने छ । जेष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक मिलन केन्द्र स्थापना साथै जेयष्ठ नागरिकको सीप तथा अनुभवमा आधारित खोज अनुसन्धानका लागि अनुसन्धानकर्ताहरू चलाई आवश्यक सहयोग गरिने छ ।
- कमलानगर क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकृतिका कार्यक्रमहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिने नीतिलाई प्राथमिकता दिइएको छ ।

- नगरपालिका क्षेत्रभित्र हिंसालाई न्यूनीकरण गर्नका लागि अव्यवस्थित तथा खुल्ला रुपमा मद्यपान, धुम्रपानलगायतका बस्तुहरु बेचविखन तथा सेवनलाई न्यूनीकरण गर्दै लगिनेछ ।

.महिला

- महिलाहरुको आर्थिक तथा सामाजिक साथै विकासका हरेक क्रियाकलापहरुमा महिला वर्गको समन्यायिक सहभागिता र पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ । साथै लैङिक विकासका लागी समतामुलक व्यवहार, लैङ्गिक वजेट र शशक्तिकरण गर्ने नीति लिईनेछ ।
- सवै प्रकारका हिंसामा परेका महिला त्यसमा पनि विपन्न एवं पछाडि पारिएका महिलाहरु, अपाङ्ग महिलाहरुलाई सामाजिक न्याय दिलाउन समुदायलाई नै शशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- हाल संचालनमा रहेका अल्पकालिन सेवा केन्द्रलाई निरन्तरता दिईनेछ । लैगिंक हिंसा न्यूनीकरणका लागि नगरस्तरीय संजाल निर्माण गरि अभियानको रुपमा लगिनेछ ।

वालवालिका सम्बन्धी :

- बाल अधिकार महासन्धी को मर्म अनुरुप बालबालिकाको चौतर्फी विकासका साथै कमला नगरपालिकालाई वालमैत्री नगर बनाउन कार्यविधी तयार गरीनेछ ।
- *बालश्रम विरुद्ध अभियानका रुपमा सरोकारवालाहरु संग सहकार्य गरि बाल श्रम न्यूनीकरण गरिनेछ ।*
- बाल विवाह मुक्त, दाइजो प्रथा मुक्त वडाहरु क्रमशः घोषणा गर्दै, नगरलाई घोषणा गर्न अग्रनी भूमिका निर्वाह गरिनेछ । घोषणा हुने पहिलो वडालाई उच्च सम्मान र पुरस्कृत गरिनेछ ।
- यूनिसेफ नेपालसँगको साझेदारीमा बालमैत्री स्थानीय शासन कार्यविधीका सूचकहरु सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढँगले अगाडी वढाईने छ ।
- सामुदायिक विधालयलाई स्कुल सुधार योजना तयार गर्न लगाई शैक्षिक तथा भौतिक पूर्वाधार सुधारमा सहयोग गर्ने नीति लिईने छ।

दलित/आदिवाशी/जनजाती/मधेशी/र पिछडा वर्ग सम्वन्धी :

- दलित/आदिवाशी/जनजाती/मधेशी र पिछडा वर्गहरुको हक, अधिकार प्रवर्द्धन, भेदभावको अन्त्य एवं विकास निर्माण प्रक्रियामा समावेशीपूर्ण सहभागीता सुनिश्चित गर्न संस्थागत संजाल निर्माण गरिनेछ ।
- दलित/आदिवाशी/जनजाती/मधेशी र पिछडा वर्गहरुको परम्परागत शीप, विकास, भाषा, लिपि तथा संस्कृती संरक्षणमा ध्यान पुराईनेछ ।

- लक्षित वर्ग केन्द्रीत कार्यक्रम संचालन गर्दा गठन हुने नगरस्तरीय समन्वय समितिहरुको समन्वयमा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने परिपाटी वसाईनेछ ।

अपाङ्गता सम्वन्धी :

- सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जन नेतृत्व विकास र सहायक सामग्रीहरु उपलव्ध गराउने सम्वन्धी ठोस कार्यक्रमहरु संचालन गरी उनिहरुको क्षमता विकास र आत्म निर्भरताको प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- नगरपालिका र मातहतका कार्यालयलाई अपाङ्गमैत्री वनाउन चालु आ.व. मा अपाङ्गमैत्री कार्यालयको पूर्वाधारहरु  निर्माण गरिनेछ भने नगर क्षेत्र भित्र निर्माण हुने सामुदायिक, सार्वजनिक एवं सरकारी भवनहरु अपाङ्गमैत्री भए पछि मात्र नक्सापास गरिने व्यवस्था मिलाईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरको सम्मान पहिचान र विकासमा अधिकार एवं पहुँच वृद्धी गर्न अपाङ्गमैत्री पूर्वाधार सृजना गर्ने निति लिइनेछ ।
- <u>ज्येष्ठ नागरिक</u> :
- नगरपालिका र वडाहरुमा क्रमश: ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरि  समाजमा सामाजिक पहिचान र सम्मान वृद्धी गर्न सहयोग एवं सम्मान पुग्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको दीर्घ जीवन, उचित सामाजिक सुरक्षाको लागि वृद्धाश्रम निर्माणका लागि, र अत्यन्त जोखिममा रहेका ज्येष्ठ नागरिकलाई राहत एवं पुन:स्थापनामा सहयोग पुग्ने कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- ज्येष्ठ नागरिक वृत्तीलाई समयमा नै उपलव्ध गराइने छ । एवं यसको पारदर्शिताको लागि वृत्ती वितरणको नाम सहित सार्वजनिक गरिनेछ ।

<u>गैर सरकारी संघसंस्था एवं सामाजिक परिचालन सम्वन्धी</u> :

- कुनै प्रकारका गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रहरु अनिवार्य रुपमा नगरपालिकामा सुचीकृत तथा अभिलेख गराई संचालन गर्न अनिवार्य गरिनेछ ।
- नगरका तुलनात्मक रुपमा पिछडिएका क्षेत्रहरुमा तथा पिछडिएको वर्ग र समुदायमा लक्षित गरी आफ्ना कार्यक्रमहरु संचालन गर्ने गै.स.स.हरुलाई परिचालन एवं प्रोत्साहित गरिनेछ ।
- गै.स.स.मार्फत संचालित कार्यक्रमहरु र कार्यक्रमहरुको संयुक्त अनुगमन गर्ने व्यवस्था मिलाई प्रभावकारी अभिवृद्धी गरिनेछ ।
- नगरपालिकाको सहयोग, समन्वय र साझेदारी र स्वीकृती विना संचालन गरिने गै.स.स.का क्रियाकलापहरुलाई निरुत्साहित गर्ने नीति लिईनेछ ।

<u>युवा तथा खेलकुद :</u>

युवाहरूलाई कुलत र दुव्यर्सनबाट बचाउन तथा सधैं उर्जाशील र सक्रिय बनाइ राख्न सुर्तीजन्य पदार्थ नियन्त्रण, कुलत तथा दुर्व्यसन विरोधी अभियान, युवा विकाससँग सम्बन्धित खेलकूद, साहित्य, संगीत, कलाजस्ता विविध क्रियाकलाप सञ्चालनमा सहयोग गरिनेछ ।

- खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- पब्लीक बिन्देश्वरी माध्यामिक विद्यालयको खेल मैदानलाई राष्ट्रियस्तरको क्रिकेट मैदानको रुपमा विकास गर्न पहल गरिनेछ ।
- युवाहरुलाई स्वरोजगारमुलक क्रियाकलापहरु मार्फत समाजिक परिवर्तनका वाहकका रुपमा परिचालन गर्न पहल गरिनेछ ।
- कुनैपनि क्षेत्रमा ख्याती प्राप्त गरेका यस नगरपालिकाका युवाहरुलाई पुरस्कृत गर्ने नीति लिइने छ र साथै अध्ययन, अन्वेषण, अनुसन्धानात्मक कार्य गर्ने व्यक्ति, संस्थाहरुलाई समेत पुरस्कृत गरिनेछ ।
- विदेशबाट सीप सिकेर फर्की स्वदेशमै बसी उत्पादनशील कार्यमा लाग्ने युवाहरूलाई सो कार्यमा थप उत्प्रेरित गर्न आवश्यक सहयोग गरिनेछ ।

<u>सहकारी तथा उद्योग सम्बन्धी</u> :

- नगरपालिका क्षेत्रभित्र संचालित वा संचालनमा नगरहेका सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन तथा सुद्धिढिकरण गरिनेछ ।
- महिला सहकारी संस्था मार्फत महिलाहरुको बचत तथा ऋण परिचालन, तथा शीप विकास र आय आर्जन तर्फ उन्नमुख गराईने छ ।
- लक्षीत वर्गका लागी शीप विकास तर्फ प्रदान गरिने तालिम तथा सामाग्रीहरुवाट उद्यमशिलताको विकास गर्दै उनिहरुलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।
- घरेलु तथा साना उद्योगहरुलाई प्रोत्सहन गर्दै गाउँ नगर साझेदारी तथा गरिबी निवारण कार्यक्रमको लगानीमा प्रवर्द्धन गरिने छ ।
- रोजगारी सृजना र आर्थिक विकासमा वढी योगदान पुरयाउने उद्योगको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ भने त्यस्ता उद्योगहरु संचालन गर्दा वातावरण मैत्री वनाउने पक्षलाई जोड दिईनेछ ।
- सामाजमा सहकारिताको विकास गराई समुदायमा अधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासको लागी विशेष गरि महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिनेछ ।
- नगरभित्र रहेका सहकारीहरुलाई सूचिकृत गराई गरिबी निवारणको क्षेत्रमा लगानी प्रवर्द्धन गर्न आवश्यक प्रोत्साहन र वातावरण सृजना गरिने छ ।
- **संचार क्षेत्र** (**एवं पत्रकारिता विकास**) :
- स्थानीय पत्र पत्रिका तथा आम संचार माध्यमको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्बन गर्नेछ ।

- कमलान.पा.मा हुने गरेका विकास कार्यलाई संचार क्षेत्रसँग आवद्ध गरि विकास पत्रकारिताका माध्यमवाट सुशासन एवं पारदर्शिता कायम गर्ने नीति लिइनेछ । साथै कमला नगरपालिकाले गरेका राम्रा कामहरुलाई संचार माध्यममा प्रभावकारी ढंगले प्रकाशन/प्रशारण गर्ने संस्थालाई प्रोत्साहन गरिनेछ ।
- सूचनाको हक सम्वन्धी ऐनले निदृष्ट गरेको सूचनाहरुको पहुँचमा सरलता ल्याईनेछ ।

कृषि

- बाली विकास कार्यक्रम : अन्न बाली दलहन बाली , तेलहन बाली मा उत्पादन बृद्धि गरी कृषकहरुको आय आर्जन गर्नको लागी उक्तबालीहरुमा बिउ बिजन तथा मलखाध समेतमा ५० प्रतिशात अनुदान र तेलहनबालीको सुर्यमुखी फूलको खेती गर्न किसानहरुलाई बिऊमा पूर्ण अनुदान कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- बागबानी विकास कार्यक्रम : बागबानी विकास कार्यक्रममा तरकारी बिऊको प्याकेज, फलफूलको बगैचा स्थापना, नर्सरी स्थापनामा ५० प्रतिशत अनुदान दिने लक्ष्य राखिने छ । फलफुलको बोट बिरुवा, च्याऊको बिऊ र तरकारीको बिऊ बिजनको लागी किसानहरुलाई पुर्ण अनुदान कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- प्राङ्गारिक तरकारी खेतीमा जोड दिई कृषकहरुलाई तरकारी खेतीमा आत्म निर्भर बनाई आय आर्जनमा बृद्धि गरी रोजगार मुलक कार्य गर्ने नीति लिईनेछ ।
- बाली संरक्षण कार्याक्रम : किसानहरुको खेतबारी तथा बोट बिरुवाहरुमा रोग किराहरुको नियन्त्रणकालागी जिवनाषक बिषदी र किटनाषक बिषदीहरु निशुल्क उपलब्ध गरीने साथै स्प्रेय ७५ प्रतिशत अनुदानमा उपलब्ध गरीने निती लिईनेछ ।
- कृषि प्रसार:किसानहरुको कृषि उत्पादन बढाउन साना सिचाईमा ७५ प्रतिशत अनुदान दिईने लक्ष्य लिईएको छ ।
- जैविक खाध मलमा ५० प्रतिशत अनुदान दिई ओर्गानिक खेतीमा कृषकहरुलाई प्रोत्साहीत गर्ने छ।
- माटो जांचको लागी बृहत रुपमा कृषकहरुलाई जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र र ग्रामिण भेगका जैविक फोहरहरु व्यवस्थापनकालागि जैविकमल ( compost) मल उत्पादनलाई प्रोत्साह गरिनेछ। यसका लागि अनुदानको समेत व्यवस्था गरिनेछ ।
- हरित खाद्य (Food Green) लाई बढावा दिन घरको निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा कम्तिमा पनि दुईवटा फलदिने रुख रोपेको हुनु पर्ने व्यवस्थालाई लागू गरिने छ ।

- कृषि सामग्री, उन्नत विउविजन खरिद आदिकालागि व्यवसायिक कृषक एवं कृषक समुहहरुलाई प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्र भित्र (Organic)प्रांगारिक खेतीगर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- प्राकृतिक प्रकोपका कारण खेतीवाली नोक्सान हुनजाँदा कृषकहरुमा पर्न जाने मर्कालाई मध्यनजर गरि निश्चित अधारहरु तोकि राहत उपलब्ध गराउन कृषक राहतकोषको स्थापना गरिनेछ ।
- कृषिमा व्यवसायीकरण, वजारीकरण र सामाजिक सम्मानको वातावरण सृजना गरिने नीति लिईनेछ।
- कृषकहरुलाई जागरुक गराउन तथा नयाँ प्रविधीको जानकारीको लागी कृषक पाठशाला संचालन गरीने छ ।
- कमला नगरपालिका अन्तर्गत सिंचित क्षेत्र घोषणा गरीने निती गरीनेछ ।

**पशुपंक्षी विकास**

- पशुपालनबाट दुध, मासु, अण्डा र माछा उत्पादनमा बृद्धि गरि रोजगारीका अवसर सृजना गर्नकोलागी पशु पंक्षीपालनलाई व्यवसायीकरण गर्न बिशेष जनचेतना मूलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ । साथै यस नगरपालिकालाई आत्मनिर्भर गराई निर्यात गर्ने निती अवलम्बन गरिनेछ ।
- स्थानीय क्षेत्रगत विभिन्न स्थानीयतहमा वित्तीय हस्तान्तरण भई आएका पशु विकाससँग सम्बन्धित कार्यक्रमहरूलाई नगर कार्यपालिकाको वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालनमा ल्याईनेछ ।
- पशुपालन व्यवसायलाई टेवा पुरुयाउन गोठ भकारो सुधार कार्यक्रम संचालन गरिनेछ ।
- दुध तथा मासु उत्पादन बृद्धिका लागि उन्नत हिउदे, बर्षे, बहुबर्षे घाँसको बिउ कृषक तथा उद्यमीहरुलाई निःशुल्क वितरण यही बर्ष गरिनेछ ।
- पशुपालन, व्यवसायलाई प्रोत्साहानका लागि पशुहरुको विमा कार्यक्रमको साथै पशुहरुलाई रोग लाग्नबाट बचाउन रोकथामको लागि अवश्यक पहल गरिनेछ ।
- स्थानिय पशुपालनलाई निरुतसाहित गरी पशु नश्लसुधारको नीति अपनाईने छ ।
- हाल कमलानगरक्षेत्रमा समस्याका रुपमा रहेको छाडा सुगुरहरुलाई व्यवस्थापनका लागि पालकहरुलाई उन्नतजातको बंगुर पालनका लागि अनुदान दिने नीति लिईनेछ ।
- हाल कमलानगरक्षेत्रमा समस्याका रुपमा रहेको मासु पसललाई कृषक स्तरमा स्वच्छ सफा मासु बिक्रि बितरण गर्न ठोस नीति लिईने छ ।
- प्राकृतिक प्रकोप तथा महामारी बाट नोक्सान हुन जाँदा कृषकहरुमा पर्न जाने मर्कालाई मध्यनजर गरि आक्समिक कोषको स्थापना गरिनेछ ।

- पशुपालन, वजारीकरण, पशुहाट बजार र पशुबधस्थल, वातावरणमा सुधार गरिने नीति लिईनेछ ।
- पशु उपचार सेवालाई गुण स्तरिय तथा प्रभावकारी बनाउने ठोस नीति लिईनेछ ।
- दलित,जनजाती र पिछडा वर्गहरुलाई समुह समिती मार्फत बाखापालन तथा कुखुरापालन गराई गरीबी न्युनिकरण गरीने लक्ष्य लिईएको छ ।
- एकल महिला तथा सिमांकृत महिलाहरुलाई पशुपालन व्यावसायमा संग्लन गराई रोजगारीको अवसर प्रदान गरीने निती लिईने छ ।
- यस नगरपालिका अन्तर्गत ग्रामिण भेगका कृषकहरुको पकेट प्याकेज पहिचान गरी समुदायका को आधारमा पकेट प्याकेज बिस्तार गरी आय आर्जनमा बृद्धि गरिने लक्ष्य लिईनेछ ।
- शहर तथा ग्रामिण भेगमा रेबिज रोग नियन्त्रण कार्यको लागी बन्धयाकरण तथा निशुल्क भ्यासिनेशन गर्ने कार्य गर्ने लक्ष्य लिईनेछ ।
- उतकृष्ट कार्य गर्ने पशुपालक कृषक तथा व्यावसायिक फार्महरु लाई पुरुषकृत गर्ने नीति लिईएनेछ।

बन

- कमला नदी किनारमा नगर बन क्षेत्र अवधारणलाई अगाडी बढाई उक्त वनको संरक्षण, पार्क निर्माण तथा बनक्षेत्रसँग सम्बन्धित आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्न सम्बन्धित निकाय र सरोकारवाला संग आवश्यक सहकार्य गरिने छ ।
- सार्वजनिक खुल्ला क्षेत्रहरूमा वृक्षारोपण कार्यक्रमलाई अघि बढाईनेछ ।
- निजी वन लगाउन आवश्यक पहल गरिनेछ ।
- राष्ट्रीय नीति अनुरुप यस नगरपालिकाले वन दशक बर्ष मनाउन आवश्यक कार्यक्रमहरु गर्न वन कार्यालय संग समन्वय एवं सहकार्य गरिनेछ ।

सूचना प्रविधि :

- कमला नगरपालिकामा व्यवस्थित सूचना केन्द्र स्थापना गरिनेछ ।
- सूचना प्रविधिको विकास र विस्तार गर्दे नगरक्षेत्र भित्र सुरक्षा, सेवा-सुविधा, अध्ययन-अनुसन्धान, शिक्षा, स्वास्थ्य लगायत अन्य बिभिन्न क्षेत्र तर्फ यसको अधिक्तम प्रयोग गरि सर्वसाधारण जनताको सरल सहज पहुँच हुने गरि सेवा पुऱ्याउने।
- नगरपालिकाको (website) वेवसाईट तथा सामाजिक सञ्जालहरु,स्थानीय एफ.एम., टेलिभिजनहरु मार्फत नगरपालिकाको गतिविधिहरु, प्रकाशनहरु, सूचना तथा जानकारीहरु अझ प्रभावकारी तथा नियमित रुपमा नगरवासीहरुमा पुऱ्याईनेछ।

- व्यक्तिगत घटना दर्ता गर्नका लागि व्यापक रुपमा प्रचार प्रसार गरि समय मै घटना दर्ता गर्न अभिप्रेरित गरिनेछ ।
- ई–विद्यालयको आवधारण अबलम्बन गरि नमुनाको रुपमा नगरका विद्यालयमा यसको शुरुवात गर्न पहल गर्ने ।

<u>वातावरण संरक्षण :</u>

- नगरपालिका भित्रका मुख्य सडकहरु र वडाका सडकका दुबै किनारा वृक्षारोपण गर्ने कार्यलाई अघि बढाइने छ। रोपिएका विरुवाहरुको संरक्षण सम्बर्धन गरिनेछ।
- वैकल्पिक उर्जा प्रबर्द्धधन केन्द्रसँगको सहकार्यमा नगरको मुख्य मुख्य व्यापारिक तथा वडाहरुका सार्वजनिक स्थानहरूमा सौर्य सडक बत्ती विस्तार गर्ने तथा विपन्न वर्गको आर्थिक अवस्थामा सुधार गर्न तथा वातावरण स्वच्छ बनाउन सुधारिएका चूल्हो, सौर्य टुकी, गोवर ग्याँसजस्ता नवीकरणीय उर्जाको स्रोतलाई पहिचान तथा परिचालन गर्ने नीति लिइएकोछ।
- ठुला पुर्वाधारहरुको निर्माण गर्नु पुर्व अनिवार्य रुपमा वातावरणीय अध्ययन गराउनु पर्ने नीतिगत व्यवस्थालाई कडाईका साथ पालना गर्नेछ।
- नगरमा उत्पादन हुने फोहर मैला व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन गरि सेनिटरी ल्याण्ड फिल्ड साइट निर्माण गर्न आवश्यक प्रक्रिया आरम्भ गरिनेछ।
- नगरको सौन्दर्य कायम गर्न अव्यवस्थित फुटपाथलाई व्यवस्थित गर्न पार्क तथा बगैचा लगायत सार्वजनिक निजी साझेदारी नीति मार्फत अघि वढाइनेछ।
- हाल नगरपालिकामा रहेको फोहरमैला संकलन तथा व्यवस्थापन कार्यलाई  वडा कार्यालय मार्फर्त प्रभावकारी ढंगले संचालन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका ठुला पोखरी तथा पार्कहरुलाई संरक्षण तथा प्रर्वद्धन गरिने छ।

बिपद् व्यवस्थापन तर्फः

- भुकम्प प्रतिरोधी भवन निर्माणमा संलग्न दक्ष/अदक्ष निर्माणकर्मीलाई तालिम सञ्चालन गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन, नेपाल रेडक्रस तथा नेपाल भूकम्प प्रविधि समाजसँग आवश्यक समन्वय गरिने छ।
- विपद् व्यबस्थापनलाई प्रभावकारी बनाउन नगरस्तरीय विपद् प्रतिकार्य योजनाको निर्माण गरिनेछ।

- बाढी प्रभावित क्षेत्रका जनताहरुको तत्काल उद्धार गर्नका लागि लाइफ ज्याकेट, डोरी, नाउ आदि सामग्री खरिद गरी सुरक्षा निकाय तथा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी तयारी अवस्थामा रहने तथा स्थानीय स्तरमा नै उद्धार टोली गठन गर्ने नीति लिइएको छ ।

<u>जलस्रोत तथा भूमी सम्वन्धी नीति :</u>

- नगरपालिकाको भू-उपयोग योजना तथा स्रोत नक्सा तयार गरिने छ ।
- नगर क्षेत्रमा रहेका पोखरी, जलाशयहरुको संरक्षण र सम्बर्द्धन गर्दै सदुपयोग गरिने छ ।
- नगर क्षेत्रमा आवासीय जग्गा प्लटिङ्ग र बिक्री वितरणको कार्यलाई नियमन गर्न मापदण्ड तयार गरिनेछ । यस कार्यलाई तत्कालै कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरूको संरक्षण गर्न जग्गा सिमांकनको कार्यलाई तदारुकताका साथ अघि बढाइने छ।
- सडक मापदण्ड विपरित वनेका अनियमित घर टहरा लगायतका भौतिक संरचना एवं वाउण्ड्री पर्खाल हटाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- कमलानगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरु, मठ, मन्दिर, नहर, कुलो आदि सम्पदाको संरक्षणलाई प्राथमिकता दिइनेछ ।

<u>संगठन, प्रशासन तथा सुशासन नीतिः</u>

- (कमलानगरपालिका र मातहतका कार्यालयहरुको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई समयानुकुल आधुनिक, भरपर्दो, क्षमतायुक्त तथा प्रभावकारी बनाईदै लगिनेछ।
- आम नागरिकको पहुँच पुऱ्याउन नगरमा भएका गतिविधी र आर्थिक गतिविधीहरु पारदर्शी बनाउन बुलेटिन प्रकासन, रेडियो कार्यक्रम अपन कमलर *<u>मेयरसंग सिधा कुरा जस्ता कार्यक्रमहरुको आगामी आर्थिक बर्षदेखि सुरुवात गरिने छ ।</u>*
- नगर सूचना केन्द्र स्थापना गरि ई पुस्तकालयको व्यवस्था यसै आव देखि गरिनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवाहरु, नागरिक वडापत्र डिजिटाइड डिस्पले माध्यमबाट नगरबासीलाई सुसूचित गराइनेछ ।
- कमला नगरपालिकाको ९ वटै वडा कार्यालयलाई विद्युतिय सुशासनद्धारा सेवा प्रवाह गरिनेछ ।
- नगर क्षेत्रलाई व्यवस्थित गर्नका लागि नगर प्रहरी गठन कार्यविधी तयार गरी यसैबर्षदेखि नियुक्ति प्रक्रिया अगाडी बढाइने छ ।

- नगरक्षेत्र भित्रका सुरक्षाको कार्यलाई स्थानीय प्रहरी प्रशासनसं सहकार्य एवं सहजीकरण नगरपालिकाको श्रोत साधनले भ्याएसम्म आवश्यकता हेरी आवश्यक भौतिक तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराइने नीति लिइएको छ ।
- सबै वडाहरू र सार्वजनिक चोकहरूमा आवश्यक मात्रामा सूचना पाटीको व्यवस्था गरिने छ ।
- सेवा प्रवाहलाई अझ व्यवस्थित, छिटो छरितो र सेवाग्राहीमैत्री बनाउन *स्थानीयत तह उत्कृष्ठ कर्मचारी* पुरस्कारको व्यवस्था गरिनेछ ।
- कमला नगरपालिकालाई सुशासनमैत्री नगरको रूपमा स्थापित गर्नका लागि भ्रष्टाचारमा शुन्य सहनशिलताको नीतिलाई अवलम्बन गर्ने नीति लिइएको छ । साथै सबै वडामा नागरिक बडापत्र, कर दरबन्दी लगायतका विवरणहरूलाई वडावासी तथा नगरवासीलाई सूसुचित गराइने छ ।
- नगरपालिका कार्यालय मातहतमा रहेका सबै वडा कार्यालयहरू सुशासन युक्त बनाउन ताहाँबाट सम्पादन भएका काम कार्वाहीहरूको सन्दर्भमा वर्षमा कम्तीमा तीनपटक सार्वजनिक सुनुवाई गर्ने नीतिलाई निरन्तरता दिइएकोछ।
- नगरपालिकाका सबै वडामा सुझाव पेटिका, नागरिक बडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ । र साथै गुनासो तथा सुझाव सम्बोधनका लागि टोल फ्रि नम्वर संचालनमा ल्याइनेछ ।

राजस्व परिचालन सम्वन्धी निति :

- स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले आर्थिक मेरुदण्डका आधार राजश्व परिचालनको लागि राजश्व सम्वन्धी सम्भाब्यता अध्ययन गराई करका नयाँ क्षेत्रहरु पहिचान गरिनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सोसँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता शिक्षा कार्यक्रम सन्चालन गरिने छ ।
- चालू आ.व.देखि घरबहाल कर संकलन कार्यलाई अघि बढाइने छ। घरबहाल कर प्रयोजनका लागि क्षेत्रनिर्धारण गरेर न्यूनतम मासिक दर कायम राखेर राजश्व सङ्कलन गरिने छ ।
- व्यवसाय कर संकलनका लागि वडा कार्यालयहरूमा व्यवसाय दर्ता गरी व्यवसाय लगत संकलन, व्यवासाय दर्ता अभियान सञ्चालन गरिने छ । व्यवसाय कर संकलन गर्न उद्योग बाणिज्य संघसंग सहकार्य गरिनेछ ।
- स्थनीय सरकार संचालन ऐन, २०७४ को मर्म बमोजिम आगामी आ.व.देखि एकीकृत सम्पत्ति कर लागु गर्न यसै बर्षदेखि एकिृत सम्पती कर अध्ययन टोली गठन गरिनेछ ।
- नगरपालिका क्षेत्रको राजश्व चुहावटलाई नियन्त्रण गर्नका लागि टोली खटाई व्यापार व्यावसायहरूको अद्यावधिक लगत तयार गरी करको दायरामा ल्याउने नीति लिइएको छ ।

- वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन भए पछि प्रत्येक वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाइनेछ ।

उपस्थित सदस्य ज्यूहरु

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको संतुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै नीति तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिनेछ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं । यसै नीतिको सेरोफेरोमा रही योजना तर्जुमा बृहत एवं गहन छलफल गरि वडाबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरु यस नगरपालिकाको बिषयगत समितिहरुमा छलफल गरि नगर कार्यपालिकामा समेत बृहत छलफल गरि यस नगरसभामा उपप्रमुख तथा बजेट तर्जुमा समितिको संयोजक श्री शीला देवी मंडल ज्यूबाट पेश हुनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीतिहरु तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुरयाउनु हुने सम्पूर्ण नगरवासी, वडासदस्य, महिला सदस्य, दलित महिला सदस्य, वडाअध्यक्ष ज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभामा प्रस्तुत नीतिको अधिनमा रही यस सभामा बृहत छलफल गरि ठोस योजना तथा कार्यक्रम र दिसा निदृष्ट गर्न म सम्पूर्ण नगर सभासदस्य ज्यू हरुलाई अनुरोध गर्दै यो नगरसभा सफलता र प्रभावकारीतासाथ समपन्न होस भन्ने कामना गर्दछु ॥
धन्यवाद

(राम उदगार गोइत)
नगर सभा अध्यक्ष तथा नगर प्रमुख
कमला नगरपालिका